धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.सं. :- २०८३।०८४
च.नं. :-

## विद्यालय सहयोगीको पदपूर्ति तथा शिक्षकको प्रतिक्षा सूची तयारीको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन !

**(दोस्रो पटक प्रकाशित मिति २०८३।०५।२४ गते बुधबार)**

यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा देहायका तह/पद र विषयहरुमा विद्यालय सहयोगीको पदपूर्ति तथा शिक्षक पदका लागि प्रतीक्षा सूची तयार गर्न खुला प्रतियोगितात्मक परीक्षाद्वारा उम्मेदवारहरुको छनोट गर्नु पर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले उपमहानगरपालिकाको वेबसाइट https://dhangadhimun.gov.np बाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेश गर्नु हुन सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

२०८३।५।२४
..............
घुम्मन सिं बडायक
शाखा अधिकृत

### १. प्रतिक्षा सूची तयार गरिने शिक्षक पदको विज्ञापन नं., तह/पद र विषय :

| क्र.सं. | विज्ञापन नं. | तह/पद | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | ०८।२०८३-०८४ | निम्नमाध्यमिक तह (कक्षा ६ - ८) शिक्षक | विज्ञान | |
| २ | ०९।२०८३-०८४ | विद्यालय सहयोगी | | श्री मदरसा गौसिया गरिव नवाज, धनगढी-२, सब्जिमण्डी |

२. **पारिश्रमिक तथा अन्य सुविधा :** पदपूर्ति समितिबाट सिफारिस भई करार सम्झौता भएका शिक्षकलाई सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरेबमोजिमको पारिश्रमिक तथा अन्य सुविधा नियमानुसार प्रदान गरिनेछ।

३. **काम गर्नु पर्ने विद्यालय :** सिफारिसमा उल्लेख भए र पछि कार्यालयले खटाए बमोजिम हुनेछ।

४. **परीक्षाको पाठ्यक्रम र किसिम :**

**(क) शिक्षकको हकमा :**

४.१ शिक्षक सेवा आयोगले निर्धारण गरेर https://tsc.gov.np मा प्रकाशन गरिएको सम्बन्धित तह र विषयको पाठ्यक्रमका आधारमा देहायको परीक्षा र अन्तर्वार्ता हुनेछ।

(क) लिखित परीक्षा सामान्य र विषयगत (ख) अन्तर्वार्ता

**(ख) विद्यालय सहयोगीको हकमा :**

४.२ यस कार्यालयले मिति २०८१।०५।०१ गते स्वीकृत गरी https://dhangadhimun.gov.np मा प्रकाशन गरिएको विद्यालय सहयोगीको पाठ्यक्रमका आधारमा देहायको परीक्षा तथा अन्तर्वार्ता हुनेछ।

(क) लिखित परीक्षा (वस्तुगत) (ख) अन्तर्वार्ता

(ग) वस्तुगत लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरुको अन्तर्वार्ता परीक्षा हुनेछ।

५. **परीक्षा सञ्चालन विधि :**

(क) पहिलो चरणमा सम्बन्धित तहको सामान्य विषयको लिखित परीक्षा सञ्चालन हुनेछ।

(ख) सामान्य विषयको लिखित परीक्षामा सफल भएका उम्मेदवारको विषयगत पाठ्यक्रमका आधारमा विषयगत लिखित परीक्षा सञ्चालन हुनेछ।

(ग) विषयगत लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरुको अन्तर्वार्ता हुनेछ।

प.सं. :- २०८३।०८४
च.नं. :-

६. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:**

(क) **लिखित परीक्षा (वस्तुगत/सामान्य) सञ्चालन हुने मिति, समय र स्थान:** अर्को सूचनाबाट जानकारी गरिनेछ।

(ख) **लिखित परीक्षा (विषयगत) सञ्चालन हुने मिति, समय र स्थान:** लिखित परीक्षा (सामान्य) को नतिजा प्रकाशन हुँदा जानकारी गराईनेछ।

(ग) **अन्तर्वार्ता हुने मिति, समय र स्थान:** लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा जानकारी गराईनेछ।

७. **दरखास्त दस्तुर :** देहायको दस्तुर उपमहानगरपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ।

(क) निम्नमाध्यमिक तह (कक्षा ६ -८) को हकमा रु. ७००।– (सात सय मात्र)

(ख) विद्यालय सहयोगीको हकमा रु. ३००।– (तीन सय मात्र)

८. **दरखास्त दिने अन्तिम मिति र समय :**

(क) सिङ्गल दस्तुर बुझाई मिति २०८३ भाद्र २५ गतेदेखि २०८३ असोज ०८ गते कार्यालय समयभित्र। (दोब्बर दस्तुरको व्यवस्था छैन)

९. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

**शिक्षकको हकमा :**

(क) नेपाली नागरिक।
(ख) १८ वर्ष उमेर पुरा भएको।
(ग) ४० वर्ष उमेर पुरा नभएको।
(घ) शिक्षक सेवा आयोगद्वारा माध्यमिक र निम्नमाध्यमिक तहको पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिम शैक्षिक योग्यता भई सोही तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको। विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपी।

**विद्यालय सहयोगीको हकमा :**

(क) नेपाली नागरिक।
(ख) १८ वर्ष उमेर पुरा भएको।
(ग) ४० वर्ष उमेर पुरा नभएको।
(घ) आधारभूत तह (कक्षा ८) को उत्तीर्ण गरेको ग्रेडसिट/मार्कसिट र चारित्रिक प्रमाणपत्र सहित अन्य एस.एल.सि./एस.इ.इ. देखि माथिका प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

१०. **उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु :** दरखास्त फाराममा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

११. **थप जानकारी :**

थप जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद महाशाखाको फोन नं. ०९१-५२६७२९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।